# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ९, संख्या: ६, बैशाख २८ गते, २०८२ साल


व्यास नगरपालिकाको नगर सभाले पारित गरेको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

# व्यास नगरपालिका निजी जग्गाको ढुङ्गा, गिट्टी, वालुवा, माटो उत्खनन् सङ्कलन तथा ढुवानी व्यवस्थापन कार्यविधि, २०८२

कार्यपालिकाबाट पारित मिति : २०८२।१।२४

**प्रस्तावना** : निजी जग्गाहरूलाई आवास, कृषि वा गैरकृषि, व्यवसायिक वा गैर व्यवसायिक प्रयोजनका लागि व्यवस्थापन गर्ने तथा सो क्रममा उत्खनन् हुने ढुङ्गा, गिट्टी, वालुवा, माटो सङ्कलन तथा ढुवानी गर्ने कार्यलाई नियमन एवं व्यवस्थित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ को खण्ड (प) को ७ बमोजिम कार्य गर्न सोही ऐनको दफा १०२ को उपदफा (२) र व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ को अधिकार प्रयोग व्यास नगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "व्यास नगरपालिका निजी जग्गाको ढुङ्गा, गिट्टी, वालुवा, माटो उत्खनन् सङ्कलन तथा ढुवानी व्यवस्थापन कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि व्यास नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषा** : (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "अनुमति पत्र" भन्नाले यस कार्यविधिको दफा (८) बमोजिम प्रदान गरिने तोकिएको कार्य गर्न प्राप्त अनुमति पत्र सम्झनुपर्छ

(ख) “कार्यदल” भन्नाले यसै कार्यविधि दफा ७ को उपदफा ३ बमोजिम गठित कार्य समूह सम्झनुपर्छ ।

(ग) “कार्यविधि” भन्नाले “व्यास नगरपालिका निजी जग्गाको ढुङ्गा, गिट्टी, वालुवा, माटो उत्खनन् सङ्कलन तथा ढुवानी व्यवस्थापन कार्यविधि, २०८२” सम्झनुपर्छ ।

(घ) “कार्यपालिका” भन्नाले व्यास नगरपालिकाको नगर कार्यपालिका सम्झनुपर्छ ।

(ङ) “नगरपालिका” भन्नाले व्यास नगरपालिका सम्झनुपर्छ ।

(च) “प्रमुख” भन्नाले व्यास नगरपालिकाको नगर प्रमुख सम्झनुपर्छ ।

(छ) “उपप्रमुख” भन्नाले व्यास नगरपालिकाको नगर उपप्रमुख सम्झनुपर्छ ।

(ज) “सभा” भन्नाले व्यास नगरपालिकाको नगर सभा सम्झनुपर्छ, ।

(झ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले व्यास नगरपलिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ञ) “निजी जग्गा” भन्नाले कुनै व्यक्तिको हक भोगको जग्गाधनी प्रमाणपूर्जा प्राप्त जग्गा सम्झनुपर्छ ।

(ट) “शुल्क वा दस्तुर” भन्नाले नगरपालिकामा बुझाउनुपर्ने शुल्क वा दस्तुर सम्झनुपर्छ ।

(ठ) “अनुगमन तथा प्राविधिक समिति” भन्नाले दफा ७ को उपदफा ४ बमोजिमको समिति सम्झनुपर्छ ।

(ड) “नदीजन्य पदार्थ” भन्नाले नदी वा नदी किनारबाट उत्खनन् गरिएको ढुङ्गा, गिट्टी, वालुवा, माटो आदि साधारण निर्माणमुखी पदार्थ सम्झनुपर्छ ।

(ढ) “प्रारम्भिक वातावरणीय परीक्षण” भन्नाले वातावरण संरक्षण ऐन बमोजिमको प्रारम्भिक वातावरणीय परीक्षण सम्झनुपर्छ ।

(ण) “वातावरणीय प्रभाव मूल्याकन” भन्नाले वातावरण संरक्षण ऐन बमोजिमको अध्ययन तथा मूल्याङ्कन सम्झनुपर्छ ।

(त) “मन्त्रालय” भन्नाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सम्झनुपर्छ ।

(थ) “संक्षिप्त वातावरणीय अध्ययन” भन्नाले वातावरण संरक्षण ऐन बमोजिमको अध्ययन सम्झनुपर्छ ।

(द) “राजश्व” भन्नाले उत्खनन् गरे वापत नगरपालिकालाई बुझाउनुपर्ने सरकारी राजश्व सम्झनुपर्छ ।

(ध) “विभाज्य कोष” भन्नाले अन्तर सरकारी वित्त व्यवस्थापन सम्बन्धी प्रचलित कानुन बमोजिमको कोष सम्झनुपर्छ ।

(न) “अन्तरिक राजश्व खाता” भन्नाले व्यास नगरपालिकाको राजश्व खाता सम्झनुपर्छ ।

(प) “व्यवस्थापन” भन्नाले निजी जग्गाको माटो, ढुङ्गा, गिट्टी, वालुवा आदि खन्ने, सम्याउने, पुर्ने, मौज्दात गर्ने र ओसार पसार गर्नेसम्मको कार्य सम्झनुपर्छ ।

३. **निजी जग्गा व्यवस्थापन** : यस कार्यविधिमा व्यास नगरपालिका क्षेत्रभित्र रहेका व्यक्तिगत वा संस्थाको निजी हकभोग लालपूर्जा भएका निजी जग्गाहरू आवास, कृषि वा गैरकृषि, व्यवसायिक वा गैर व्यवसायिक प्रयोजनका लागि व्यवस्थापन गर्ने तथा सो क्रममा उत्खनन् हुने माटो, माटोसँगैको ढुङ्गा, गिट्टी, वालुवा, ग्राभेल आदि खन्ने, सम्याउने, पुर्ने, सङ्कलन तथा ढुवानी गर्ने कार्यलाई निजी जग्गा व्यवस्थापन भन्ने बुझिनेछ ।

४. **अनुमति नलिई जग्गा व्यवस्थापन गर्न नहुने**: (१) कसैले यस कार्यविधि बमोजिम अनुमति पत्र नलिई यस नगरपालिका क्षेत्रभित्र निजी जग्गा व्यवस्थापनको नाममा जमिनको सतहमा रहेको माटो, ढुङ्गा, गिट्टी, वालुवा, आदि उत्खनन्, सङ्कलन, ओसार पसार तथा बिक्री वितरण गर्न पाइने छैन । तर यस कार्यविधि लागु हुनुपूर्व जग्गा व्यवस्थापन गर्दा उत्खनन् भएको माटो, ढुङ्गा, गिट्टी, वालुवा, आदिको मौज्दात प्रमाणित गराई नियमानुसार लाग्ने राजश्व लिई ओसार पसार गर्न दिन

सकिनेछ, जसका लागि कार्यविधि लागु भएको मितिदेखि ३५ दिनभित्र सम्बन्धितले मौज्दात विवरण नगरपालिकामा पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा उल्लेख गरिएको भए तापनि कानुन बमोजिम खानी उद्योग/व्यवसायमा दर्ता भई सञ्चालनमा रहेको उद्योग/व्यवसायले प्रचलित कानुन बमोजिम स्वीकृति लिई उद्योग सञ्चालन गर्नेको हकमा यो व्यवस्था लागु हुने छैन ।

(३) कसैले उपदफा (१) विपरीत अनुमति नलिई निजी जग्गा व्यवस्थापन, ओसार पसार गरेमा यसै कार्यविधिको दफा (१५) बमोजिम दण्ड जरिवाना हुनेछ ।

५. **अनुमति पत्र लिंदा पुरा गर्नुपर्ने मापदण्डहरु :** (१) निजी हकभोगको जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि भएको ।

(२) व्यवस्थापन गरिने जग्गाको चार किल्लामा उल्लेख भएका साँध संधियारको सहमति ( स्वीकृति) सहितको मुचुल्का भएको ।

(३) अन्य पक्षले उत्खनन् गर्नुपर्ने भएमा जग्गाधनीसँग गरिएको सम्झौताको प्रतिलिपि ।

(४) सो जग्गासँगै जोडिएको सडक, स्कुल, अस्पताल, छिमेकी घर, उद्योग, वस्ती, समाजलाई आर्थिक, सामाजिक, भौतिक, वातावरणीय असर नपर्ने गरी प्राविधिक नापजाँचमा उपयुक्त भएको अनुगमन तथा प्राविधिक समितिको प्रतिवेदन प्राप्त भएको ।

(५) सार्वजनिक सरकारी जग्गा, खोला, नदी, झरना, इनार, ताल, पोखरी, कुवा, पँधेरो, धार्मिक क्षेत्र, वन, पर्यटकीय स्थल, भ्युटावर तथा सरकारी स्वीकृत आयोजनालाई असर नगर्ने सुनिश्चित भएको ।

(६) भिर, पहिरो, गल्छी, दलदल, नदी कटान क्षेत्र, भूक्षय तथा भूजोखिम स्थान नजिक नभएको ।

(७) सडकको Right of Way र पुलको मापदण्ड भित्र नपरेको ।

(८) अन्य स्थानीय तह तथा जिल्लागत सीमा नजोडिएको, यदि यस्तो भएमा सो निकायको सहमति प्राप्त भएको ।

(९) कुनै अदालतमा मुद्दा विचारधीन नरहेको स्वघोषणा भएको ।

(१०) स्वंय जग्गाधनी बाहेक अरुले उपयोग नगर्ने/नगरेको स्वघोषणा भएको ।

(११) निजी जग्गा व्यवस्थापन गर्दा प्राकृतिक रुपमा रहेको जमिनको सतह खाल्टो पर्ने देखिएमा सो जग्गा उत्खनन् योग्य मानिने छैन ।

(१२) वातावरणीय तथा जलवायु अनुकुलताको दृष्टिले अनुपयुक्त नदेखिएको ।

(१३) माटो उत्खनन्बाट प्राकृतिक स्रोतको दुरुपयोग, भौगोलिक संरचना मानवीय बासस्थान, सार्वजनिक तथा व्यक्तिगत भवन लगायतको संरचना, सडक, कुलो, नहर, साँध सीमानामा रहेको छिमेकीको जग्गाको संरचना आदिमा कुनै किसिमको असर नपर्ने हुनुपर्नेछ ।

६. **अनुमति पत्रको लागि निवेदन दिनुपर्ने :** (१) कुनै व्यक्ति वा संस्थाले यस कार्यविधि बमोजिम निजी जग्गा व्यवस्थापन गर्न चाहेमा प्रयोजन खुलाई दफा ५ अनुसारको मापदण्ड भित्र रही अनुसूची १ बमोजिमको ढाँचामा अनुसूची २ बमोजिको स्वघोषणा सहित नगरपालिकामा निवेदन दिनुपर्नेछ ।

(२) निजी जग्गा व्यवस्थापन गर्न निवेदन दिँदा देहायका कागजातहरू संलग्न गर्नुपर्नेछ :

(क) व्यवस्थापन गर्नुपर्ने जग्गाको जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपि, तिरो तिरेको रसिद, नापी नक्साको प्रतिलिपि,

(ख) सम्बन्धित जग्गाधनीको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि,

(ग) अनुसूची ३ अनुसारको वडा समिति सदस्यको रोहवरमा संधियार वा निजको एकाघर वा निजको स्वीकृति पाएको व्यक्ति सहितको सर्जमिन मुचुल्का ।

(३) दफा ५ बमोजिम मापदण्ड पुगेको अवस्थामा अनुसूची ४ बमोजिमको सम्बन्धित वडाको प्राविधिक प्रतिवेदन, विपद्जन्य र वातावरणीय असर नपर्ने भन्ने व्यहोरा उल्लेख भएको अनुसूची ५ बमोजिमको अनुगमन तथा प्राविधिक समितिको प्रतिवेदन र वडाको सिफारिसको

आधारमा १०० घन मिटर परिमाणसम्म उत्खनन् गरी निजी जग्गा व्यवस्थापन गर्नु परेमा वा ढुवानी गर्नु परेमा कार्यापालिकाबाट पछि निर्णय गर्ने गरी नगर प्रमुख स्तरीय निर्णयानुसार र १०१ घन मिटरदेखि ५०० घन मिटर परिमाणसम्म उत्खनन् गरी निजी जग्गा व्यवस्थापन वा ढुवानी गर्नु परेमा कार्यपालिकाबाट निर्णय गरी अनुसूची ६ बमोजिम जग्गा व्यवस्थापन अनुमति र ढुवानीका लागि अनुसूची ७ बमोजिम निवेदन माग गरी अनुमति दिन सकिनेछ।

४) निजी जग्गा व्यवस्थापन गर्दा वा व्यवसायिक प्रयोजनले ५०१ घ.मि.भन्दा बढी परिमाणमा उत्खनन् गर्न चाहने कुनै व्यक्ति वा संस्थाले परिमाण र क्षेत्रफलको आधारमा अन्य ऐन, नियमावली, कार्यविधि, निर्देशिका र मापदण्डले तोकिए बमोजिम राय/सहमति लिनुपर्ने भएमा सो प्राप्त भएपछि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE), वातावरणीय प्रभाव मूल्याङ्कन तयार गरी नगरपालिकामा पेश गर्नुपर्नेछ। यसरी पेश भएको प्रतिवेदन स्वीकृत पश्चात् कार्यपालिकाबाट निर्णय गरी अनुमति दिन सकिनेछ। यसरी अनुमति दिइएको व्यहोरा वातावरण तथा विपद् व्यवस्थापन समितिका संयोजकले प्रमाणित गर्ने र सोको जानकारी जिल्ला अनुगमन समिति र जिल्ला प्रशासन कार्यालयलाई जानकारी गराउने। उक्त कार्य गर्दा उत्खनन् स्थलमा सार्वजनिक जानकारीका लागि अनुसूची ८ बमोजिमको सूचना पाटी राख्नुपर्नेछ।

(५) निजी जग्गा व्यवस्थापन गर्दा सङ्कलन भएको ढुङ्गा, गिट्टी, वालुवा, माटो ओसार पोसार वा ढुवानी गर्दा अनुसूची ९ बमोजिमको अनुमति लिनुपर्नेछ र ढुवानी अनुमति लिँदा देहायका कागजात संलग्न गर्नुपर्नेछ।

(क) अनुसूची (७) बमोजिमको निवेदन
(ख) सवारी साधनको कागजपत्र
(ग) नगरपालिकाबाट मौज्दात प्रमाणित कागजात,

७. **वातावरणीय अध्ययन गर्नुपर्ने :** (१) ५०१ घन मिटरभन्दा बढी परिमाणमा निजी जग्गा व्यवस्थापन गर्न चाहने कुनै व्यक्ति वा संस्थाले वातावरणीय अध्ययन प्रतिवेदन तयार गरी नगरपालिकामा पेश गर्नुपर्नेछ। तर एकै स्थानको एकै प्लट जोडिएको एकभन्दा बढी व्यक्तिको जग्गा भए तापनि सबैको जोड्दा बढीमा ५०० घन मिटरभन्दा बढी परिमाण उत्खनन् हुने भएमा वातावरणीय अध्ययन प्रतिवेदन आवश्यक हुनेछ भने वातावरणीय अध्ययन छल्ने गरी कित्ताकाट गरिएका, अंशवण्डा गरिएका जग्गा जे जती क्षेत्रफल भए तापनि अनिवार्य वातावरणीय अध्ययन गर्नुपर्नेछ।

(२) दफा ७ को उपदफा (४) बमोजिम गठित कार्यदलले यसरी पेश भएको वातावरणीय अध्ययन प्रतिवेदन विस्तृत अध्ययन गरी उपयुक्त देखिएमा नगरपालिका प्रमुख मार्फत कार्यपालिकामा पेश गर्नेछ। कार्यदलको सिफारिस सहित प्राप्त भएको प्रतिवेदन कार्यपालिका वा सम्बन्धित निकायबाट स्वीकृत भए पश्चात् लागु गर्न सकिनेछ।

(३) वातावरणीय अध्ययन प्रतिवेदन अध्ययन गरी कार्यपालिकामा सिफारिस गर्न अनुगमन तथा प्राविधिक समितिले गर्नेछ। समितिले आवश्यकता अनुसार विज्ञहरूलाई आमन्त्रित गर्न सक्नेछ।

(४) अनुगमन तथा प्राविधिक समिति देहाय बमोजिमको हुनेछ :

(क) संयोजक :उपप्रमुख
(ख) सदस्य :प्रमुख प्रशासकीय अधिकृत सदस्य
(ग) सदस्य : वन वातावरण तथा विपद् व्यवस्थापन समिति संयोजक
(घ) सदस्य : सम्बन्धित वडाको वडा अध्यक्ष
(घ) सदस्य : योजना तथा पूर्वाधार विकास शाखाको इन्जिनियर
(ङ) सदस्य : नगरपालिकाको अमिन वा सर्भेक्षक
(च) सदस्य सचिव : वन वातावरण तथा सरसफाई शाखा प्रमुख
(छ) समितिमा आवश्यकता विपद् व्यवस्थापन हेर्ने प्राविधिक र विज्ञहरूलाई आमन्त्रित गर्न सकिनेछ।

(५) वातावरणीय अध्ययन प्रतिवेदन वापत परामर्शदाताको पारिश्रमिक जग्गाधनीले व्यहोर्नुपर्नेछ ।

८. **अनुमति पत्र दिन सकिने :** (१) निजी जग्गा व्यवस्थापन गर्नका लागि कार्यपालिकाबाट स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन वा प्राविधिक समितिको प्रतिवेदन र सङ्कलन गर्नुपर्ने अन्य कागजात सहित नगरपालिकामा प्राप्त भएको निवेदन उपयुक्त देखिएमा दफा ६ र दफा ७ मा उल्लेख भए बमोजिम अनुसूची ६ अनुसारको जग्गा व्यवस्थापन अनुमति प्रदान गर्न सकिनेछ, जसका शर्तहरु तोकिए बमोजिम हुनेछन् ।

(२) जग्गा व्यवस्थापन गर्दा सङ्कलन हुने ढुङ्गा, गिट्टी, वालुवा, माटो आदि भण्डारण गर्नु परेमा सोही निजी जग्गा वा अनुमति पत्रमा उल्लेखित स्थानमा भण्डारण गर्नुपर्नेछ ।

(३) उत्खननबाट सङ्कलन भएको ढुङ्गा, गिट्टी, वालुवा, माटो ओसार पसार गर्नु परेमा अनुसूची ४ बमोजिम सम्बन्धित वडा हेर्ने प्राविधिक र अनुसूची ५ बमोजिम अनुगमन तथा प्राविधिक समितिको स्थलगत प्रतिवेदन प्राप्त भए पश्चात् नगरपालिकाको आर्थिक ऐनले तोकेको राजश्व लिई अनुसूची ९ मा उल्लेख भए अनुसारका शर्तहरु अनिवार्य पालना गर्ने गरी ढुवानी अनुमति दिन सकिनेछ ।

(४) निजी जग्गा व्यवस्थापन गर्दा वा व्यवसायिक प्रयोजनले ५०१ घन मिटरभन्दा बढी परिमाण ढुवानी गर्नु परेमा अनुसूची १० बमोमिको दैनिक पटक बिक्री वा ढुवानी अभिलेख तेरिज राख्नुपर्नेछ र सोको जानकारी वडा कार्यालयलाई समेत दिनुपर्नेछ ।

(५) निजी जग्गा व्यवस्थापन गर्दा वा व्यवसायिक प्रयोजनले ५०१ घन मिटरभन्दा बढी परिमाण उत्खनन् गर्नु परेमा अनुसूची ११ बमोमिको उत्खनन्कर्ताले दैनिक उत्खनन् अभिलेख तेरीज राख्नुपर्नेछ ।

९. **कार्यसम्पन्न गर्नुपर्ने अवधि :** (१) निजी जग्गा व्यवस्थापन वा ढुवानी/निकासी सम्बन्धी कार्य एक आर्थिक वर्षमा नबढ्ने गरी अनुमति पत्रमा उल्लेख गरिए बमोजिमको समय भित्र सम्पन्न गर्नुपर्नेछ । तर असार १ गतेदेखि भाद्र मसान्तसम्म निजी जग्गा व्यवस्थापन सम्बन्धी कार्य गर्न पाइने छैन ।

(२) म्याद भित्र उत्खनन् भएका ढुङ्गा, गिट्टी, वालुवा, माटो ढुवानी हुन नसकी मौज्दात हुन गएमा नगरपालिकामा जानकारी गराई असार ७ गतेभित्र मौज्दात परिमाण प्रमाणित गराउनुपर्नेछ ।

१०. **व्यवस्थापन, उत्खनन् वा ढुवानीमा रोक लगाउन सकिने :** यस कार्यविधि बमोजिम अनुमति प्राप्त गरी जग्गा व्यवस्थापन गरिने स्थलको नगरपालिकाबाट अनुगमन निरीक्षण गर्दा वा अनुमति प्राप्त गर्ने व्यक्तिले गरेको उत्खनन् वा ढुवानी सम्बन्धमा परेको उजुरी उपर अनुगमन समितिबाट १५ दिनभित्र छानविन गर्दा यस कार्यविधिको उल्लङ्घन भएको पाइएमा वा वातावरणीय दृष्टिले जोखिम हुने गरी कार्य गरेको पाइएमा नगरपालिकाले तत्काल उत्खनन् तथा ढुवानी कार्यमा रोक लगाउन र यसै कार्यविधिको दफा १५ बमोजिम दण्ड जरिवाना गर्न सक्नेछ ।

११. **असरको क्षतिपूर्ति सम्बन्धमा :** निजी जग्गा व्यवस्थापनमा कार्यालयले अनुमति दिई सकेपछि अनुमति प्राप्त संस्था तथा व्यक्तिले गरेको कार्यबाट कुनै छिमेकी, व्यक्ति तथा संस्थालाई क्षति, नोक्सान, असर परेको भनी निवेदन दर्ता भएमा प्राविधिक समितिको प्रतिवेदन अनुसारको क्षतिपूर्ति अनुमति प्राप्त व्यक्ति/संस्थाबाट भराइने छ । यस्तो क्षतिपूर्ति नदिएमा निजको अनुमति रद्द, सरकारी बाँकी सरह असुल उपर गर्ने र असुल उपर नभएसम्म नगरपालिकबाट प्रदान गरिने सेवा सुविधामा समेत रोक लगाउन सकिनेछ ।

१२. **अनुमति पत्र रद्द गर्न सकिने :** तोकिएको शर्त, मापदण्ड र समय सीमा भित्र कार्य सम्पन्न नगर्ने व्यक्ति वा व्यवसायीको यस कार्यविधि बमोजिम प्रदान गरिएको अनुमति रद्द गर्न सकिनेछ । निजले बुझाएको राजश्व दस्तुर फिर्ता हुने छैन ।

१३. **अनुमति लिने व्यक्ति वा संस्थाले पालना गर्नुपर्ने शर्त** : (१) अनुमति पत्र प्राप्त व्यक्ति वा संस्थाले अनुमति पत्रमा/सम्झौता पत्रमा उल्लेख भएका शर्तहरू अनिवार्य रुपमा पालना गर्नुपर्नेछ ।

(२) निजी जग्गा व्यवस्थापन गर्दा वा व्यवसायिक प्रयोजनले ५०१ घन मिटरभन्दा बढी परिमाण उत्खनन् सङ्कलन र ढुवानी गर्नुपरेमा नगरपालिकाबाट अनुसूची १२ बमोजिमको सम्झौता गराइनेछ ।

१४. **अनुमति पत्रको प्रतिलिपि** : (१) अनुमति पत्र हराएमा, नासिएमा वा कुनै कारणवश च्यातिएमा अनुमति पत्र प्राप्त व्यक्ति वा संस्थाले सोको प्रतिलिपि माग गर्न चाहेमा नगरपालिकामा निवदेन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रतिलिपि माग गरेमा नगरपालिकाले रु.५००। (अक्षरुपी पाँच सय रूपैयाँ मात्र) दस्तुर लिई प्रतिलिपि दिन सक्नेछ ।

१५. **दण्ड जरिवाना** : (१) यस कार्यविधिको वर्खिलाप गरी ढुङ्गा, गिट्टी, वालुवा, माटो आदि उत्खनन् वा ढुवानी गरेमा नगरपालिकाको आर्थिक ऐन बमोजिम जरिवाना गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको दण्ड जरिवानाको असुलीमा सहयोग पुर्याउने सुरक्षाकर्मी वा सुरक्षा निकायलाई सो रकम दाखिला भए पश्चात् बढीमा १५ प्रतिशतसम्म प्रोत्सहान रकम उपलब्ध गराउन सकिनेछ ।

१६. **पुनरावेदन** : प्रमुख प्रशासकीय अधिकृतले दफा १५ बमोजिम गरेको जरिवाना उपर चित्त नबुझ्ने पक्षले सो निर्णय भएको ३५ दिनभित्र नगरपालिकाको न्यायिक समिति समक्ष पुनरावेदन गर्न सक्नेछ ।

१७. **अनुगमन तथा निरीक्षण सम्बन्धी व्यवस्था** : नगरपालिकाको अनुगमन समिति वा प्रमुख वा उपप्रमुख वा प्रमुख प्रशासकीय अधिकृत वा निजहरूले खटाएको प्रहरी वा कार्यालयका कर्मचारी वा टोलीले व्यवस्थापन गर्न अनुमति पाएको जग्गाको अनुगमन गर्न सक्नेछ । सम्बन्धित वडाले अनिर्वाय रुपमा नियमति अनुगमन गरी ओसार पसार भएको कुल परिमाणले लगत राखी सोको एक प्रति अभिलेख नगरपालिकामा उपलब्ध गराउनुपर्नेछ । अनुगमन गर्दा यस कार्यविधि विपरीत कार्य गरेको पाइएमा तत्काल कार्य रोक्का गरी कारबाहीका लागि सिफारिस गर्न सक्नेछ ।

१८. **थपघट तथा हेरफेर** : यो कार्यविधि आवश्यकता अनुसार कार्यपालिकाले थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ ।

१९. **बाधा अड्काउ फुकाउ** : यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ आइपरेमा कार्यपालिकाले बाधा अड्काउ फुकुवा गर्न सक्नेछ ।

२०. **बचाउ** : नगरपालिका क्षेत्र भित्रका निजी जग्गा व्यवस्थापन गर्दा उत्खनन् भएका ढुङ्गा, गिटी, वालुवा, ग्राभेल र माटो आदि व्यबस्थापन गर्ने सम्बन्धमा अन्य निर्देशिका तथा मादण्डमा जे उल्लेख भए तापनि यसै कार्यविधि बमोजिम हुनेछ ।

२१. **कार्यविधिको व्याख्या तथा संशोधन र खारेजी** : (१) यो कार्यबिधिको कार्यान्वयनको क्रममा कुनै दुविधा आइपरेमा सोको व्याख्या गर्ने अधिकार कार्यपालिकामा रहनेछ ।

२२. **कार्यविधि बाझिएमा** : (१) यस कार्यविधिको कुनै प्रावधानहरु संघीय वा प्रदेश कानुनसँग बाझिएमा बाझिएको हदसम्म स्वत: निस्क्रिय हुनेछ ।

**अनुसूची १**
**(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)**
**निजी जग्गा व्यवस्थापनको अनुमतिका लागि दिइने निवेदनको ढाँचा**

मिति : २०  ।  ।  .

श्री नगर प्रमुखज्यू,
व्यास नगरपालिका, दमौली, तनहुँ ।

विषय : निजी जग्गा व्यवस्थापनको अनुमति सम्बन्धमा ।

प्रस्तुत विषयमा व्यास नगरपालिका निजी जग्गाको ढुङ्गा, गिट्टी, वालुवा, माटो उत्खनन् सङ्कलन तथा ढुवानी व्यवस्थापन कार्यविधि, २०८२ को दफा ५ को अधीनमा रही व्यास नगरपालिका वडा नं …… निवासी म ……………………………………… ले साविक ……………… गा.वि.स. वडा नं. ………. हाल व्यास नगरपालिका वडा नं. ….. मा रहेको कि.नं ……………………. क्षेत्रफल ……………………….. को जग्गा ……………………….. प्रयोजनको लागि सोही कार्यविधिको दफा (६) को उपदफा (२) मा उल्लेख गरिएका कागजात सहित अनुमतिको लागि यो निवेदन पेश गरेको छु ।

निवेदक संलग्न कागजात :
(क) व्यवस्थापन गर्नुपर्ने जग्गाको जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपि, तिरो तिरेको रसिद, नापी नक्साको प्रतिलिपि
(ख) सम्बन्धित जग्गाधनीको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि,
(ग) वडा समिति सदस्यको रोहवरमा संधियार वा निजको एकाघर वा निजको स्वीकृति पाएको व्यक्ति सहितको सर्जमिन मुचुल्का ।

निवेदक
नाम थर :
दस्तखत :

## अनुसूची २
## (दफा ६ को उपदफा (१) सँग सम्बन्धित)
स्वघोषण पत्रको नमूना

विषय : स्वघोषणा पत्र

प्रस्तुत विषयमा व्यास नगरपालिका निजी जग्गाको ढुङ्गा, गिट्टी, वालुवा, माटो उत्खनन् सङ्कलन तथा ढुवानी व्यवस्थापन कार्यविधि, २०८२ अनुसार व्यास नगरपालिका वडा नं ...... निवासी म ...................................................... ले साविक ........................ गा.वि.स. वडा नं. ........ हाल व्यास नगरपालिका वडा नं. ..... मा रहेको कि.नं. ........................... क्षेत्रफल ................................................... को जग्गा ................ प्रयोजनको लागि जग्गा व्यवस्थापन गर्नको लागि सोही कार्यविधिको दफा (५) मा उल्लेखित तपशिल अनुसारको मापदण्डहरु पूरा गरेको स्वघोषणा गर्दछु ।

मापदण्डहरु :

(१) सो जग्गा सँगै जोडिएको सडक, स्कुल, अस्पताल, छिमेकी घर, उद्योग, वस्ती, समाजलाई आर्थिक, सामाजिक, भौतिक, वातावरणीय असर नपर्ने ।

(२) व्यवस्थापन गरिने जग्गाको चार किल्लामा उल्लेख भएका साँध संधियारको सहमति (स्वीकृति) सहितको मुचुल्का भएको ।

(३) सार्वजनिक सरकारी जग्गा, खोला, नदी, झरना, इनार, ताल, पोखरी, कुवा, पंधेरो, धार्मिक क्षेत्र, वन, पर्यटकीय स्थल, भ्युटावर तथा सरकारी स्वीकृत आयोजनालाई असर नगर्ने ।

(४) भिर, पहिरो, गल्छि, दलदल, नदी कटान क्षेत्र, भूक्षय तथा भू-जोखिमयुक्त स्थान नजिक नभएको ।

(५) सडकको Right of Way र पुलको मापदण्ड भित्र नपरेको ।

(६) अन्य स्थानीय तह तथा जिल्लागत सीमा नजोडिएको, यदि यस्तो भएमा सो निकायको सहमति प्राप्त भएको ।

(७) अदालतमा मुद्दा विचाराधीन नरहेको ।

(८) स्वयं जग्गा धनी बाहेक अरुले उपयोग नगरेको ।

(९) निजी जग्गा व्यवस्थापन गर्दा प्राकृतिक रुपमा रहेको जमिनको सतहभन्दा खाल्टो नपर्ने ।

निवेदक

**अनुसूची ३**
**(दफा ६ को उपदफा (२) (ग) सँग सम्बन्धित)**
**मुचुल्का ढाँचा**

लिखितम जिल्ला तनहुँ व्यास नगरपालिका वडा नं. ....... बस्ने ................................... को नाती .......................................... को छोरा .................................... को नाममा दर्ता कायम रहेको साविक ............................ कि.नं. ......................... को ........................................ क्षेत्रफलको जग्गालाई सम्याइ/बिराई खेतीयोग्य बनाउन निकासी गरी बेचबिखन गर्न लागेको र नियमानुसार उक्त कार्य गर्दा हामी तपसिलमा उल्लेखित पूर्व, पश्चिम, उत्तर, दक्षिण सीमानाका संधियार हाम्रो साँध सीमानामा असर नगर्ने भएकोले सो जग्गा सम्याई/बिराई खेतीयोग्य बनाउने क्रममा बढी भएको ढुङ्गा, ग्राभेल, माटो प्रचलित कानुन अनुसार निकासीका लागि हामी मञ्जुर भई मुचुल्का गरिदियौं ।

<u>अनुगमन तथा प्राविधिक समिति</u>

| | |
|---|---|
| क. उपप्रमुख | संयोजक |
| ख. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ग. वन वातावरण तथा विपद् व्यवस्थापन समिति संयोजक | सदस्य |
| घ. सम्बन्धित वडाको वडा अध्यक्ष | सदस्य |
| ङ. योजना तथा पूर्वाधार विकास शाखाको इन्जिनियर | सदस्य |
| च. नगरपालिकाको अमिन वा सर्भेक्षक | सदस्य |
| छ. वन वातावरण तथा सरसफाई शाखा प्रमुख | सदस्य सचिव |

<u>संधियार</u>

पूर्व सीमानातर्फ कि.नं. जग्गाधनी ......................................................
पश्चिम सीमानातर्फ कि.नं. जग्गाधनी ..................................................
उत्तर सीमानातर्फ कि.नं. जग्गाधनी .....................................................
दक्षिण सीमानातर्फ कि.नं. जग्गाधनी ..................................................
जग्गा धनी नाम थर ............................................
सवारी साधनधनी नाम थर :.....................................................................
वडा समिति प्रतिनिधिको नाम थर ...................................................

इति सम्वत् ............ साल ........ महिना ....... गते ..... रोज शुभम ।

**अनुसूची ४**
**(दफा ६ को उपदफा (३) सँग सम्बन्धित)**

मिति : २०   ।   ।  .

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
व्यास नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
दमौली, तनहुँ ।

विषय : वडाको प्राविधिक प्रतिवेदन सम्बन्धमा ।

प्रस्तुत विषयमा व्यास नगरपालिका निजी जग्गाको ढुङ्गा, गिट्टी, वालुवा, माटो उत्खनन् सङ्कलन तथा ढुवानी व्यवस्थापन कार्यविधि, २०८२ बमोजिम व्यास नगरपालिका वडा नं. ...... निवासी ......................................... को साविक .................................. गा.वि.स वडा नं. ......... हाल व्यास नगरपालिका वडा नं. ...... मा रहेको कि.नं. ........................ क्षेत्रफल ............................ को जग्गा व्यवस्थापन गर्दा अनुमानित ......................... घ.मि. ढुङ्गा/गिट्टी/वालुवा/ग्राभेल/माटो निस्कने व्यहोरा अनुरोध छ ।

१ अन्य विवरण ........... वडा प्राविधिक कर्मचारी

**अनुसूची ५**
**(दफा ६ को उपदफा (३) सँग सम्बन्धित)**
**<u>अनुगमन प्रतिवेदन</u>**

मिति : २० । । .

श्रीमान् नगर प्रमुखज्यू,
व्यास नगरपालिका, दमौली, तनहुँ ।

विषय : अनुगमन तथा प्राविधिक समिति प्रतिवेदन सम्बन्धमा ।

प्रस्तुत विषयमा व्यास नगरपालिका निजी जग्गाको ढुङ्गा, गिट्टी, वालुवा, माटो उत्खनन् सङ्कलन तथा ढुवानी व्यवस्थापन कार्यविधि, २०८२ बमोजिम व्यास नगरपालिका वडा नं. ...... निवासी .................................... को साविक ............................... गा.वि.स वडा नं. ......... हाल व्यास नगरपालिका वडा नं. ........ मा रहेको कि.नं. ....................... क्षेत्रफल ..................................... को जग्गा व्यवस्थापन गर्दा विपद्जन्य एवं वातावरणीय असर पर्ने नदेखिएको र उक्त जग्गा व्यवस्थापन गर्दा अनुमानित ........ घ.मी. ढुङ्गा/गिट्टी/वालुवा/ग्राभेल /माटो आदि उत्खनन् हुने व्यहोरा अनुरोध छ ।

तपसिल

१. जग्गाधनीको नाम, थर ..................................... ठेगाना ...........................

२. सम्झौता गर्ने व्यक्तिको नाम, थर ............................. ठेगाना.....................

३. जग्गाको क्षेत्रफल ......................................कित्ता नं. ........................................

४. जगाको किसिम क. कृषि ख. आवास. ग औद्योगिक घ. अन्य

५. जग्गा व्यवस्थापन गर्ने क्षेत्रफल ............................... कित्ता नं. ..........................

६. औसत गहिराइ ..... मिटर, उचाइ ......... मिटर, लम्बाइ ........ मिटर, चौडाइ ........... मिटर

७. व्यवस्थापन गर्दा गरिने कार्य खन्ने/पुर्ने/सम्याउने/चिन्ने

८. उत्खनन् हुने सामाग्री क. माटो ख. ढुङ्गा ग. ग्राभेल घ. गिट्टी ङ. वालुवा

९. अनुमानित उत्खनन् हुने परिमाण ........................

१०. अन्य विवरण अनुगमन तथा प्राविधिक समिति

| | |
|---|---|
| क. उपप्रमुख | संयोजक |
| ख. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ग. वन वातावरण तथा विपद् व्यवस्थापन समिति संयोजक | सदस्य |
| घ. सम्बन्धित वडाको वडा अध्यक्ष | सदस्य |
| ङ. योजना तथा पूर्वाधार विकास शाखाको इन्जिनियर | सदस्य |
| च. नगरपालिकाको अमिन वा सर्भेक्षक | सदस्य |
| छ. वन वातावरण तथा सरसफाई शाखा प्रमुख | सदस्य सचिव |

**अनुसूची ६**
**(दफा ६ को उपदफा (३) सँग सम्बन्धित)**

मिति :

श्री ......................................,
व्यास नगरपालिका वडा नं. .....,

विषय : जग्गा व्यवस्थापन अनुमति सम्बन्धमा ।

प्रस्तुत विषयमा तपाईले मिति ......... गते पेश गरेको निवेदन तथा संलग्न कागजात बमोजिम साविक .......................... गा.वि.स वडा नं. ......... हाल व्यास नगरपालिका वडा नं. ...... मा रहेको कि.नं. ......................................... क्षेत्रफल ................................... को जग्गा .......... प्रयोजनका लागि मिति ............................... निर्णयानुसार व्यास नगरपालिका निजी जग्गाको ढुङ्गा, गिट्टी, वालुवा, माटो उत्खनन् सङ्कलन तथा ढुवानी व्यवस्थापन कार्यविधि, २०८२ बमोजिम जग्गा व्यवस्थापन अनुमति प्रदान गरिएको छ ।

...............................

**शर्तहरु :**

१. माटो उत्खनन् तथा ओसार पसार गर्दा माटो पानी कृषिजन्य जमिन जैविक विवधता जस्ता प्राकृतिक वातावरण तथा सडक, नहर, कुलो, स्कुल, कलेज, मानव वस्ती जस्ता भौतिक पूर्वाधारको संरक्षणका लागि आवश्यक परेमा नगरपालिकाले कुनै क्षेत्रलाई चार किल्ला खुलाई निस्चित अवधिको लागि सम्वेदनशील क्षेत्र घोषणा गरी माटो उत्खनन् तथा व्यवस्थापनमा रोक लगाउन सक्नेछ ।
२. माटो उत्खनन् तथा व्यवस्थापन गर्ने कार्य असार १ गतेदेखि भाद्र १५ गतेसम्म गर्न पाइने छैन ।
३. माटो उत्खनन् तथा व्यवस्थापन गर्ने कार्य सूर्योस्तदेखि सूर्योदय नहुँदासम्म गर्न पाइने छैन ।
४. उत्खनन् कार्य गर्दा साँध सिमानालाई मर्का पर्ने गरी गर्न पाइने छैन संधियारबाट उजुरी पर्न आएमा उत्खनन् कार्य निषेध गर्न सकिनेछ ।
५. वातावरणीय प्रभावको पक्षबाट कुनै नकारात्मक असर पर्ने भएमा उत्खनन् कार्य संशोधन हुन सक्नेछ ।
६. उत्खनन् अनुमति पत्रमा उल्लेखित शर्तहरु बमोजिम काम भए नभएको प्राबिधिक पुष्ट्याई साथ प्रतिवेदन पेश भएपछि मात्र धरौटी रकम फिर्ता हुनेछ ।
   उल्लेखित शर्तहरु विपरीत काम भएको र वातावरणीय हानि नोक्सानी हुन गएको खण्डमा धरौटी रकमबाट क्षतिपूर्ति शोधभर्ना गरिनेछ । सोबाट नपुग भएमा नपुग रकम घर घरानबाट समेत असुल उपर गरिनेछ ।
७. अनुमति दिएको स्थानभन्दा अन्यत्रबाट उत्खनन् गरेको पाइएमा प्रचलित कानुन अनुसारको कारबाही हुनेछ ।
८. माटो उत्खनन् अनुमति पत्रको हदम्याद उत्खनन् अनुमतिको लागि प्रदान गरिएको कार्य दिन वा माटो उत्खनन् भएको कुल परिमाण जुन पहिलो हुनेछ सोहीलाई मान्यता दिइनेछ ।

बोधार्थ
श्री जिल्ला प्रहरी कार्यालय,
श्री वडा नं. ...... को कार्यालय, व्यास नगरपालिका

**अनुसूची ७**
**(दफा ६ को उपदफा (३) सँग सम्बन्धित)**

मिति : २०    ।    ।   .

श्री व्यास नगरपालिका नगर कार्यपालिकाको कार्यालय,
दमौली, तनहुँ ।

विषय : ढुवानी अनुमति सम्बन्धमा ।

प्रस्तुत विषयमा व्यास नगरपालिका निजी जग्गाको ढुङ्गा, गिट्टी, वालुवा, माटो उत्खनन् सङ्कलन तथा ढुवानी व्यवस्थापन कार्यविधि, २०८२ बमोजिम व्यास नगरपालिका वडा नं. …… निवासी ……………………………… को साविक ……………………………… गा.वि.स वडा नं. ……… हाल व्यास नगरपालिका वडा नं. ……… मा रहेको कि.नं. ……………………………… क्षेत्रफल ……………………………… को जग्गा व्यवस्थापन गर्दा निस्केको ढुङ्गा/गिट्टी/वालुवा /ग्राभेल/माटो ओसार पसार गर्नका लागि ढुवानी अनुमति प्रदान गरिदिनुहुन अनुरोध गर्दछु ।

निवेदक

संलग्न कागजात :
(क) ढुवानी/लोडिङ गर्ने सवारी साधनको कागजपत्र
(ख) नगरपालिकाबाट मौज्दात प्रमाणित कागजात (आवश्यकता अनुसार)

**अनुसूची ८**
**(दफा ६ को उपदफा (४) सँग सम्बन्धित)**
**उत्खनन् स्थलमा राख्नुपर्ने सूचना पाटीको नमूना**

निजी जग्गा व्यवस्थापन गर्दा वा व्यवसायिक प्रयोजनमा ५०१ घ.मि. भन्दा बढी परिमाणमा माटो, ढुगा, गिटी, वालुवा, ग्राभेल आदि उत्खनन् गर्नुपर्ने भएमा प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) वा वातावरणीय प्रभाव मूल्याङ्कन कार्यान्वयनको सन्दर्भमा उत्खनन् तथा सङ्कलन स्थलमा सार्वजनिक जानकारीका लागि राखिने सूचना पाटी

(क) उत्खनन्, सङ्कलन गरिने स्थल :
(ख) उत्खनन्, सङ्कलनको विवरण
   १. जग्गा, नदी, खोला वा खानीको नाम :
   २. ठाउँको नाम :
   ३. उत्खनन् गरिने परिमाण :
   ४. उत्खनन् कार्यमा प्रयोग हुने साधन :
   ५. उत्खनन् गर्ने कार्य गर्न अधिकार प्राप्त ठेकेदार फर्मको नाम र ठेगाना :
   ६. उत्खनन् गर्ने अवधि : मिति २०..... । ...... । गतेबाट २०.... । ... । भित्र । (कुनै गुनासो वा थप जानकारीको लागि ......... नगरपालिकामा सम्पर्क गर्ने)

**अनुसूची ९**
**(दफा ६ को उपदफा (५) सँग सम्बन्धित)**
**<u>अनुमति</u>**

मिति : २०   ।   ।   .

श्री ........................,
(सवारी नं. ................ ) व्यास नगरपालिका, दमौली, तनहुँ ।

विषय : ढुवानी अनुमति सम्बन्धमा ।

प्रस्तुत विषयमा व्यास नगरपालिका निजी जग्गाको ढुङ्गा, गिट्टी, वालुवा, माटो उत्खनन् सङ्कलन तथा ढुवानी व्यवस्थापन कार्यविधि, २०८२ बमोजिम व्यास नगरपालिका वडा नं. ...... निवासी ............................................ को साबिक .................................... गा.वि.स. वडा नं. ........ हाल व्यास नगरपालिका वडा नं. ...... मा रहेको कि.नं. ......................... क्षेत्रफल .............................. को जग्गा व्यवस्थापन गर्दा निस्केको ......... घ.मि. ढुङ्गा/गिट्टी/वालुवा/ग्राभेल/माटो ओसार पसार गर्नका लागि ढुवानी अनुमति प्रदान गरिएको छ ।

...............................

<u>शर्तहरु</u>

१. निजी जग्गा व्यवस्थापन गर्दा उत्खनन् भएको ढुङ्गा, गिटी, वालुवा, ग्राभेल, माटो आदि ढुवानी तथा ओसर पसार गर्दा माटो पानी कृषिजन्य जमिन जैविक विविधता जस्ता प्राकृतिक वातावरण तथा सडक, नहर, कुलो, स्कुल, कलेज, मानव वस्ती जस्ता भौतिक पूर्वाधारको संरक्षणका लागि आवश्यक परेमा नगरपालिकाले कुनै क्षेत्रलाई चार किल्ला खुलाई निस्चित अवधिको लागि सम्वेदनशील क्षेत्र घोषणा गरी ढुवानी तथा ओसार पसारमा रोक लगाउन सक्नेछ ।
२. ढुवानी तथा ओसार पसार कार्य असार १ गतेदेखि भाद्र १५ गतेसम्म गर्न पाइने छैन ।
३. ढुवानी तथा ओसार पसार कार्य सूर्यास्तदेखि सूर्योदय नहुँदासम्म गर्न पाइने छैन ।
४. उत्खनन् गरिएको सामग्री ओसार पसार गर्ने पक्षले बिहान विद्यालय समय ९ बजेदेखि १० बजे र बेलुकी ४ बजेदेखि ५ बजेसम्म ओसार पसार गर्न पाइने छैन ।
५. दैनिक ढुवानी तथा ओसार पसार हुने कुल परिमाणको लगत राखी सोको एक प्रति अभिलेख प्रत्येक दिन सम्बन्धित वडा कार्यालयमा पठाउनुपर्नेछ ।
६. अनुमति दिएको स्थानभन्दा अन्यत्र ढुवानी गरेको पाइएमा प्रचलित कानुन अनुसारको कारबाही हुनेछ ।
७. ढुवानी  अनुमति पत्रको म्याद भित्र ढवानी गरी सक्नुपर्नेछ ।
८. ढुवानी तथा ओसार पसार गर्दा वातावरणीय प्रदूषण ध्वनी प्रदूषण र ढुवानी साधनको गति ४० कि.मि. प्रति घण्टाभन्दा बढी नहुने र ढुङ्गा, गिटी, वालुवा, ग्राभेल, माटो सडकमा खस्न नदिने र हिलो, पानी चुहाउन समेत नपाउने व्यवस्था मिलाउनुपर्नेछ  ।
९. ढुवानी साधनले ढुवानी गर्दा धुलो उड्न नदिने र त्रिपालले छोपी प्रदूषण नहुने व्यवस्था मिलाउनुपर्नेछ ।
१०. ढुवानी साधनमा तोकिएको क्षमताभन्दा बढी हुने गरी ढुवानी गर्न पाइने छैन ।

११. ढुवानी तथा ओसार पसार गर्दा सवारी साधन गन्तव्यमा नपुगिन्जेल सडकमा पार्किङ गर्न पाइने छैन । सवारी साधन बिग्रेको हकमा यथासम्भव छिटो सडकबाट किनारा लगाउने व्यवस्था ढुवानीकर्ताले मिलाउनुपर्नेछ ।

१२. ढुवानी गर्ने सवारी साधनको विवरण खुलेको कागज र पटके ढुवानी रसिद लिएर मात्र ढुवानी गर्नुपर्नेछ ।

१३. ढुवानी रसिद वा पटके आदेशमा उल्लेखित विवरण (मिति, समय, सवानी नं., ढुवानी गरी लैजाने स्थल, परिमाण, पदार्थको प्रकार, सङ्कलन गरेको स्थल आदि) अनुगमनका क्रममा फरक परेको देखिएमा ठेक्काको शर्त उल्लंघन भएको मानिनेछ ।

बोधार्थ :

श्री जिल्ला प्रहरी कार्यालय, दमौली, तनहुँ ।

श्री वडा नं. ……. को कार्यालय, व्यास नगरपालिका ।

## अनुसूची १०
## (दफा ८ को उपदफा (४) सँग सम्बन्धित)
## **दैनिक पटक बिक्री वा ढुवानी अभिलेख तेरिज**

निजी जग्गा व्यवस्थापन गर्दा वा व्यवसायिक प्रयोजनमा ५०१ घ.मि.भन्दा बढी परिमाणमा माटो, ढुगा, गिटी, वालुवा, ग्राभेल आदि उत्खनन् गर्नुपर्ने भएमा प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) वा वातावरणीय प्रभाव मूल्याङ्कन कार्यान्वयनको सन्दर्भमा ढुवानी क्षेत्र अनुसार परिमाण नियन्त्रणका लागि दैनिक तयार गरिने अभिलेख तेरिज :

जग्गा, खोला, नदी वा खानीको नाम :
नाकाको नाम :
मिति :

| क्र.सं. | ढुवानी मिति | पटके बिक्री आदेश नं. | पटके बिक्री भएको परिमाण | बिक्री भएको पदार्थ लैजाने सवारी नं. | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

नोटः यो फारम उत्खनन् स्थलबाट प्रत्येक पटक भरी पटके बिक्री आदेशको १ प्रति संलग्न गरी दैनिक रुपमा सम्बन्धित वडा कार्यालय र नगरपालिकालाई अनिवार्य रुपमा पठाउनुपर्नेछ ।

**अनुसूची ११**
**(दफा ८ को उपदफा (५) सँग सम्बन्धित**
**(उत्खनन्कर्ताले राख्ने दैनिक उत्खनन् अभिलेख)**

निजी जग्गा व्यवस्थापन गर्दा वा व्यवसायिक प्रयोजनमा ५०१ घ.मि. भन्दा बढी परिमाणमा माटो, ढुगा, गिटी, वालुवा, ग्राभेल आदि उत्खनन् गर्नुपर्ने भएमा प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) वा वातावरणीय प्रभाव मूल्याङ्कन कार्यान्वयनको सन्दर्भमा उत्खनन् स्थान अनुसार परिमाण नियन्त्रणका लागि दैनिक तयार गरिने अभिलेख तेरिज जग्गा, नदी, खोला, खानी वा स्थानको नाम :

| **क.सं.** | **उत्खनन् गरिएको मिति** | **उत्खनन् गरिएको परिमाण** | **उत्खनन्कर्ता वा प्रतिनिधिको दस्तखत** | **अनुगमनकर्ताको दस्तखत** |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

## अनुसूची १२
## (दफा १३ को उपदफा (२) सँग सम्बन्धित)
## सम्झौता फाराम

लिखितम् ............................ नाती ............................. छोरा .................. जिल्ला ............ गाँउपालिका/नगरपालिका वडा नं. ........ स्थायी घर भई हाल ...................... गाउँपालिका/नगरपालिका वडा नं. ......... मा बसोबास गर्दै आएको वर्ष ................. को ............. ले तपसिल बमोजिमको शर्तमा तपसिल बमोजिमको क्षेत्रमा ................. ढुङ्गा, गिटी, वालुवा र माटो उत्खनन्, सङ्कलन तथा व्यवस्थित गर्नका लागि तपाइँ समेतले पेश गर्नु भएको कागजातहरुको मूल्याङ्कन गर्दा आ.व. .................. का लागि .................. रु. ..................... (मु.अ.कर बाहेक) मा तपाईँलाई यस कार्यालयको मिति ............... निर्णयबाट जग्गा व्यवस्थापन उत्खनन् तथा ढुवानीको लागि अनुमति दिएको हुँदा साविक ........................... गा.वि.स. वडा नं. .......... हाल व्यास नगरपालिका वडा नं. ..... मा रहेको कि.नं. ...... क्षेत्रफल ........ को उक्त जग्गा व्यवस्थापन गर्दा निस्केको ढुङ्गा/गिट्टी/वालुवा/ग्राभेल/माटो ओसार पसार गर्नका लागि सम्झौता गर्न उपस्थित भएको छु । तपसिलमा लेखिए बमोजिमको शर्तमा कुनै घटीबढी नपारी कामकाज गरी मिति ................. मा सम्पूर्ण किस्ताको रकम एक मुष्ट रु. ........................ बुझाई मिति ................. देखि ................... सम्म आ.व. ..................... को लागि उत्खनन् तथा ढुवानी गर्नेछु । पछि मैले गरेको सम्झौता उपर कुनै कुरा उजुर गर्ने छैन, गरे यसै कागजातबाट बदर गरी दिनु भनी मेरो मनोमानी राजीखुसीसँग रकम चलनको कवुलियत लेखी यस कार्यालयमा बुझाएको छु ।

तपसिल :

(१) नगरपालिकाबाट प्रमाणित भए बमोजिमका रसिदहरु बाहेकका रसिदहरु प्रयोग गरी आय सकलन गर्ने छैन । अनुगमन समिति वा नगरपालिकाबाट अनुगमन हुँदा अनाधिकृत रसिद प्रयोग गरेको पाइएमा नियमानुसार कारबाही र सजायँ भएमा मलाई मञ्जुर छ । नदीजन्य पदार्थहरु एवं निजी जग्गा व्यवस्थापन गर्दा उत्खनन् सङ्कलन, बिक्री वितरण र ढुवानी गर्दा पालन गर्नुपर्ने शर्तहरु :

१. नदीजन्य पदार्थहरु घाटगद्दी स्थल तोकि निर्धारित स्थानबाट मात्र उत्खनन् तथा बिक्री वितरण गर्नुपर्नेछ ।
२. नदीजन्य पदार्थको उत्खनन् सङ्कलन गरी घाटगद्दी क्षेत्रबाट बिक्री वितरण गर्ने क्रममा उल्लिखित शर्तहरु पालना भए नभएको सम्बन्धमा अुनगमन समिति तथा नगरपालिकाले अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ । निर्देशन पालना गर्ने दायित्व सम्बन्धित ठेकेदारको हुनेछ ।
३. ठेक्का कवोल गर्ने व्यक्ति वा फर्मले आफूले कवोल गरेको अङ्कको साथै उत्खनन्को लागि उल्लिखित परिमाणको आधारमा बिक्री शुल्क वापतको दरले हुन आउने रकम समेतको हिसाबले नियमानुसार थप ................ मु.अ.कर रकम समेत गरी एकमुष्ट रुपमा .................... यस कार्यालयमा बुझाउनुपर्नेछ ।
४. यस ठेक्का सम्झौतामा उल्लेखित नदीहरु खोला स्थल बाहेक अन्य स्थानबाट उत्खनन् तथा ढुवानी गर्न पाइने छैन ।
५. बिक्री मूल्य वा दस्तुर, शुल्क तोकिएको सङ्कलन केन्द्रमा मात्र उठाउनुपर्नेछ । राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट राख्न पाइने छैन ।
६. नेपाल सरकार वा ................ नगरपालिकालाई प्रचलित कानुन बमोजिम बुझाउनुपर्ने अन्य कर दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयंले सम्बन्धित निकायमा बुझाउनुपर्नेछ । सो वापत बुझाएको रकमलाई कवोल गरेको ठेक्का रकमबाट कट्टा गर्न पाइने छैन ।
७. शुल्क उठाउने रसिदहरु ठेक्काको शीर्षक अनुसार छुट्टाछुटै ठेकेदारले आफ्नै तर्फबाट छपाई गरी यस कार्यलयको छाप लगाई प्रमाणित गराएर र रसिद नियन्त्रण खातामा नम्बर दाखिला गरेर मात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउनुपर्नेछ ।

८. बिक्री मूल्य वा शुल्क असुल गर्नुपर्ने दर रेटको सूची तालिका र शर्तहरु सहितको होडिङ बोर्ड कर सङ्कलन केन्द्रमा अनिवार्य रुपले ठेकेदारले सर्वसाधारणले देख्ने गरी राख्नुपर्नेछ ।

९. ठेक्का सम्बन्धमा कुनै विवाद परेमा त्यस्तो विवादको समाधान प्रचलित कानुन बमोजिम हुनेछ ।

१०. तोकिएको म्याद भित्र ठेकेदारले नगरपालिकालाई बुझाउनुपर्ने रकम नबुझाएमा नगरपालिकाले जुनसुकै बखत ठेक्का तोड्न सक्नेछ र हानि नोक्सानी क्षतिपूर्तिको रकमको साथै बाँकी रकमको १० प्रतिशतका दरले ब्याज समेत ठेकेदारबाट नगरपालिकाले असुल गर्नेछ ।

११. नगरपालिकाले बिक्री मूल्य वा शुल्क कर असुल गरिसकेको निर्माण सामग्रीमा पुन : अर्को स्थानीय तहबाट कर लगाउन पाइने छैन ।

१२. प्रचलित ऐन, नियम बमोजिम ठेक्काको शर्त तथा दररेटमा कुनै संशोधन भएमा संशोधित व्यवस्था बमोजिम हुने गरी कार्यान्वयन गर्नुपर्नेछ ।

१३. ठेक्का सङ्कलन केन्द्रको विवरण निम्न अनुसारको ढाँचामा राख्नुपर्नेछ । तोकिएको स्थान बाहेक अन्य स्थानमा सङ्कलन केन्द्र राख्नुपर्ने भएमा नगरपालिकाको पूर्व स्वीकृति लिएर मात्र राख्नुपर्नेछ । सङ्कलन केन्द्र राख्ने स्थान :

| **क.सं.** | **ठेक्काको किसिम** | **सङ्कलन केन्द्र राख्ने स्थान** | **कैफियत** |
|---|---|---|---|
| | | | |
| | | | |

१४. आ.व. ................ को लागि नदीजन्य पदार्थ निजी जग्गाको साम्रगी मूल्य नेपाल सरकार गण्डकी प्रदेश सरकारको कानुनले तोके बमोजिम हुनेछ । साथै तोकिएको अवधिभन्दा पहिले तोकिएको परीमाण उत्खनन् भएको खण्डमा थप परिमाण उत्खनन् गर्न रोक लगाइनेछ ।

१५. उत्खनन् सङ्कलन तथा बिक्री गरिने साधारण निर्माणमूखी नदीजन्य पदार्थको मौज्दात आर्थिक वर्षको अन्तमा शुन्य गर्नुपर्नेछ । शुन्य गर्न नसककेको परिणाम नगरपालिकाले जफत गरी लिलाम बिक्री गर्नेछ ।

१६. नदीजन्य पदार्थहरु उत्खनन्, सङ्कलन तथा बिक्री गर्दा राष्ट्रिय गौरवका, राष्ट्रिय प्राथमिकता प्राप्त साथै रुपान्तरणकारी आयोजना, नगर गौरवका आयोजनाहरुलाई विशेष प्राथमिकता दिनुपर्नेछ ।

१७. नदीबाट नदीजन्य पदार्थहरु उत्खनन् गर्दा वातावरणमा प्रतिकुल प्रभाव पर्ने गरी कुनैपनि कार्य गर्न पाइने छैन ।

१८. ठेकेदारले यस सम्झौतामा उल्लिखित सम्पूर्ण शर्तहरु पूर्ण रुपले पालाना गर्नुपर्नेछ र सोको नियमित रुपमा नगरपालिकाबाट अनुगमन हुनेछ । यस्तो अनुगमनबाट शर्त उल्लङ्घन भएको पाइएमा कार्यालयले जुनसुकै बखत ठेक्का तोड्न सक्नेछ र यसबाट ठेकेदारलाई हानि नोक्सानी हुन गएमा कार्यालय जिम्मेवार हुनेछैन र त्यसको क्षतिपूर्ति दिइने छैन ।

१९. नदीजन्य पदार्थ : निजी जग्गाबाट उत्खनन् र सङ्कलन गर्दा भौतिक, जैविक, सामाजिक, आर्थिक र साँस्कृतिक क्षेत्रमा पर्ने असरहरुलाई कम गर्ने प्रक्रियाहरु अवलम्बन गरी ढुङ्गा, गिट्टी, वालुवा, माटो, ग्राभेल आदि सङ्कलन तथा ढुवानी गर्नुपर्नेछ ।

२०. साधारण निर्माणमूखी पदार्थ उत्खनन् स्थलसम्म जाने बाटो मर्मत गर्ने अवस्था आएमा ठेकेदार आफैले मर्मत गर्नुपर्नेछ । सो वापत लागेको खर्च नगरपालिकामा दावी गर्न पाइने छैन ।

२१. उत्खनन् गर्दा नजिक रहेका सडक वन तथा खोला नालाको किनारा, घाटलाई कुनै हानि नोक्सानी नहुने र सर्वसाधारण जनताको घरजग्गा, कुलो, बाँधमा क्षति नहुने गरी उत्खनन् गर्नुपर्नेछ ।

२२. कल्भर्ट, सडक, बाटो तथा सार्वजनिक निर्माण स्थलबाट दुवैतर्फ नियमानुसार छोड्नुपर्ने स्थान छोडी उत्खनन् गर्नुपर्नेछ ।

२३. मुख्य मार्गबाट बोल्डर, ग्राभेल, वालुवा उत्खनन् गर्ने स्थलसम्म जाने आउने बाटो निर्माणको कार्य गर्दा निजी जग्गामा पर्ने भए सम्बन्धित जग्गाधनीको मञ्जुरीमा लिनुपर्नेछ र वन क्षेत्र भएर जाने भए वन कार्यालयसँग सम्पर्क र समन्वय राखी ठेकेदारले बाटो निर्माण गर्नुपर्नेछ ।

२४. ठेक्का सम्झौता भए पश्चात् मात्र बिहान ७ बजेदेखि बेलुका ५ बजेसम्म उत्खनन् सङ्कलन एवं ढुवानी गर्ने समय अवधि हुनेछ ।

२५. साधारण निर्माणमूखी नदीजन्य तथा खानिजन्य पदार्थको उत्खनन् तथा सङ्कलन कार्यमा एक्साभेटर, डोजर जस्ता भारी उपकरणहरुको प्रयोग गर्दा वातावरणीय प्रतिवेदनको प्रावधानमा उल्लेख भएका शर्त तथा सीमा भित्र रही मात्र प्रयोग गर्नुपर्नेछ ।

२६. उत्खनन् पश्चात् काम नलाग्ने भनी छोडिएको निर्माण सामग्रीहरु जुन स्थालबाट निकालिएको हो, सोही स्थलमा लगी पूर्व अवस्थामा छोड्नुपर्नेछ । नदीको धार बदलिने गरी उत्खनन् गर्न पाइने छैन ।

२७. साधारण निर्माणमूखी नदीजन्य पर्दाथको उत्खनन् गर्ने कार्यमा संलग्न हुने कर्मचारी वा कामदारहरुले प्रयोग गर्ने सुरक्षा सामग्री तथा औजारहरु ठेकेदार स्वयंले उपलब्ध गराई सम्पूर्ण सुरक्षा सतर्कता साथ उत्खनन् तथा बिक्री प्रबन्ध मिलाउनुपर्नेछ ।

२८. ठेक्का सम्झौता बमोजिमको कार्य गर्दा वातावरणमा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी ठेकेदारले व्यवस्था मिलाउनुपर्नेछ । साथै कामदार तथा कर्मचारहरुको सुरक्षाको लागि बिमा गर्ने गराउने दायित्व समेत निज ठेकदारको हुनेछ ।

२९. स्वीकृत वातावरण प्रतिवेदनमा उल्लेख भएका वातावरणीय प्रभाव न्यूनीकरका उपायहरुको पूर्ण पालना गरी नदीजन्य पदार्थ निजी जग्गाबाट उत्खनन् सङ्कलन, ढुवानी तथा बिक्री गर्नुपर्नेछ ।

३०. यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा नभएका कुराहरुको हकामा प्रचलित कानुन बमोजिम हुनेछ ।

आज्ञाले<br>
काशीराम गैरे<br>
प्रमुख प्रशासकीय अधिकृत